मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

मन्थली कोपिला वाल पत्रिका संयोजन सम्पादन र छपाई सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

सूचना प्रकाशन मिति :२०८०/१२/२३

यस नगरपालिकाको कार्यालयको स्वीकृत बजेटको परीधिभित्र रही आ.व. २०८०/०८१ मा विगत आ.व. मा जस्तै "मन्थली कोपिला" नामक बालपत्रिका प्रकाशन गर्नुपर्ने भएकोले उक्त पत्रिका प्रकाशनका लागि आवश्यक पर्ने सबै विषयबस्तु संयोजन , सम्पादन , लेख रचना ब्यवास्थापन र छपाई समेतका सम्पूर्ण कार्य सिलबन्दी दरभाउको माध्यमबाट खरीद गर्नुपर्ने भएकोले भ्याट वा प्यानमा दर्ता भएका इच्छुक फर्म कम्पनी वा संस्थाबाट निम्नानुसारको शर्तको अधीनमा रही गोप्य सिलबन्दी दरभाउपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना मन्थली नगरपालिकाको वेवसाईट www.manthalimun.gov.np र हाम्रो मन्थली फेसबुक पेजमा समेत हेर्न सकिनेछ । विस्तृत जानकारीको लागि नगरपालिकाको महिला बालबालिका तथा समाजकल्याण शाखा र नगरपालिकाको खरीद इकाईमा सम्पर्क राख्न सकिनेछ।

१. दरभाउपत्र फाराम रू १०००/- एक हजार रुपैया मात्र ( फिर्ता नहुने गरी )तिरेर सूचना प्रकाशित मितिले १५ औं दिनको कार्यालय समयभित्र सम्ममा नगर कार्यपालिकाको कार्यालय राजश्व शाखाबाट खरीद गर्न सकिनेछ।

२. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र दरभाउपत्र फाराम खरीद गरी १६ औं दिनको १२ बजे भित्र नगरपालिकाको राजश्व शाखामा दाखिला गरिसक्नुपर्नेछ।

३. सिलबन्दी दरभाउपत्र खरीद गर्नको लागि सिलबन्दी दरभाउपत्रदाताले निवेदन साथ गत आ.व.को कर चुक्ता प्रमाणपत्र वा कर विवरण दाखिला गरेको प्रमाण ,आ.व.२०८०/०८१ सम्मको फर्म नवीकरण भएको कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्ने छ।

४. सिलबन्दी दरभाउपत्र पेश गर्दा दरभाउपत्र जमानत बापत कवोल अंकको ३ %ले हुन आउने रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंकमा रहेको धरौटी खाता न१६८०१००३०७०२०००२ मा जम्मा गरी सक्कल भौचर वा सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ४५ दिन म्याद भएको क बर्गको बाणिज्य बैकद्वारा यस नगरपालिकाको नाममा जारी भएको सोही रकम बरावरको बैंक ग्यारेन्टी (विडवन्ड) पेश गर्नुपर्नेछ।

५. सिलबन्दी दरभाउपत्र फारमसाथ सम्बन्धित दरभाउपत्र दाताले खरीद प्रक्रियामा भाग लिन अयोग्य नभएको , खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र पेशा सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश, नेपाल

लिखित रूपमा ब्यक्त गरेको घोषणा गरेको कागजातमा निवार्य रूपमा हस्ताक्षर गरेको , सहीछाप लगाएको हुनुपर्नेछ ।

६. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरू सूचना प्रकाशन भएको मितिले १६ औं दिनको दिउँसो २ बजे खरीद शाखामा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । निजहरू उपस्थित नभएपनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

७. दरभाउपत्र खरीद गर्ने र खोलिने दिनमा बिदा परेमा सो पछी क्रमश: कार्यालय खुलेको दिनलाई मानिने छ ।

८. विल अफ क्वान्टिटी मा निर्दिष्ट भए अनुसार प्रति एकाई दर , जम्मा कबोल रकम उल्लेख गरी सोको जोड अंक र अक्षर महल दुबैमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

९. रीत नपुगेको , म्याद नाघेर प्राप्त भएको वा केरमेर भई अंक र अक्षर नबुझिने , दरभाउपत्रदाताको हस्ताक्षर नभएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१०. दरभाउपत्र स्वीकृत गर्ने नगर्ने अधिकार नगरपालिकामा सुरक्षित हुनेछ ।

११. दरभाउपत्र खरीद र दाखिला सम्बन्धी कार्य मन्थली नगरपालिका राजश्व शाखाबाट हुनेछ ।

१२. यस सूचनामा नभएका कुराहरू सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली -२०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१३. यस सम्बन्धी थप जानकारी मन्थली नगरपालिकामामा आएर बुझ्न सकिनेछ ।

| क.सं | कामको विवरण | |
|---|---|---|
| | तपसिल<br>१. पत्रिकाको गुणस्तर र परिमाण कम्तीमा देहाय बमोजिमको हुनु पर्नेछ ।<br>क) साइज: ६.५ इन्च र ९.५ इन्च ।<br>ख) भित्री कागज: ७० ग्राम उडफ्री कागज (श्यामस्वेत) ।<br>ग) कभर : २५० ग्राम (आर्टबोर्ड पेपर रंगीन, लेमिनेशन सहित)<br>घ) पेज संख्या: ४४ पेज कभर सहित ।<br>ङ) छपाइ गुणस्तर: सिटिपी क्वालिटी ।<br>च) छपाइ प्रति : १५०० (एक अंकमा ) | |

Email : ito.manthalimun@gmail.com Website : www.manthalimun.gov.np

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-

| | | |
|---|---|---|
| | छ ) जम्मा अंक प्रकाशन : ४ अंक *१५०० प्रति =६००० प्रति<br>२. पत्रिकामा मन्थली नगरपालिकाभित्रका विद्यालय तहका बालबालिकाहरुका मौलिक,खोजमूलक शिक्षासँग सम्बन्धित वालवालिकाको क्षमता प्रदर्शन हुने सिर्जनाहरु समेट्नु पर्नेछ ।<br>३. नेपाल प्रज्ञा प्रतिष्ठानबाट जारी पछिल्लो भाषा अनुक्रमअनुसारको भाषिक शुद्धि भएको हुनुपर्नेछ ।<br>४. पत्रिकामा प्रकाशन गर्नुपर्ने रचनाहरुको संकलन, छनोट तथा पूर्ण सम्पादन स्वयं संयोजनकर्ताले गर्नु पर्नेछ ।<br>५. प्रकाशन भएका सम्पूर्ण सिर्जनाहरुको जवाफदेही संयोजनकर्ताको हुनेछ ।<br>६. लेख/प्रकाशनको सम्बन्धमा आचारसंहिताभन्दा बाहिर रहेर कुनै लेख रचना प्रकाशन भएमा त्यसमा मन्थली नगरपालिकाले कुनै जिम्मेवारी लिने छैन । त्यसका लागि अग्रिम जवाफदेहिताको प्रतिबद्धता पत्रमा सहिछाप गरेको हुनुपर्नेछ ।<br>८. सर्जकहरुको लेखको पारिश्रमिक, सम्पादन र अन्य कार्यको लागि नियमानुसार कर कटाएर मात्र भुक्तानी दिनुपर्नेछ मा दायित्व संयोजनकर्ताको हुनेछ ।<br>९. विगतको अंकहरुमा संयोजन भएका स्तम्भहरुको निरन्तरताको जिम्मेवारी संयोजनकर्ताले लिनु पर्नेछ ।<br>१०.सरकारी नियमानुसार सर्जक , सम्पादक , लेखकको पारिश्रमिकको दायराभन्दा तल झरेर गरिएको अनुबन्धलाई मान्यता दिइने छैन । | |